# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/११/२३

### सातौं अधिवेशन

### (सातौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको सातौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम शून्य समय निर्धारण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदयऔ अन्तराष्ट्रिय श्रमिक महिला दिवस महिलाको सुरक्षा११ ८-भोली मार्च ,, सम्मान र रोजगार समृद्ध नेपालको आधार भन्ने मुल नाराका साथ नेपालमा पनि यो कार्यक्रम अत्यन्त उल्लासका साथ मनाइदै छ सर्वप्रथम सम्पूर्ण श्रमिक महिला दिदी बहिनी तथा दाजुभाइहरुलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । सुदूरपश्चिममा पछिल्लो २ बर्ष यता महिला र बालबालिका माथि हुने हिंसाबलात्कार र हत्याका घटनाहरु दिनानु दिन बढ्दै गैरहेका छन् यो सभामा आइसकेपछि हामी पनि , ती घटनाका विरुद्ध निरन्तर रुपमाआवाज उठाउदै गरेका छौ तथापी ती घटनाहरु न्यून हुने कुराहरु देखिदैन तसर्थ विगत २ बर्ष अगाडी माननीय मुख्यमन्त्रीज्यूको कार्यालयमा माननीय मुख्यमन्त्रीज्यूकै नेतृत्वमा हामीले सुदूरपश्चिममा महिला उपर बालबालिका उपर हुने हिंसाबलात्कार लगायतका ,हत्या , घटनाहरु र महिलाहरुमा हुने सबै प्रकारका विभेदको अन्त्यको निमित्त एउटा साझा कानून ल्याउनु पर्छ भन्ने कुरा गरेका थियौ । मुख्यमन्त्रीज्यूले नीति प्रस्ताव गर्छु भन्नु भएको थियो हामीले नीति मात्रै होईन विधेयक प्रस्ताव गर्नुस भन्ने खालको कुराहरु राखेका थियौ उहाले ऐक्यवद्दता जनाउनु भएको थियो । दुई बर्ष पछाडि पनि यो कानून आइसकेको छैन श्रमिक महिला दिवसको अवसर पारेर यो हिउदे अधिवेशनमा यो कानून ल्याउनको लागि यो सभा मार्फत माननीय मुख्यमन्त्रीज्यू र सम्बन्धीत विषयगत मन्त्रालयको ध्यानाकर्षण गराउन चाहान्छु । माननीय सभामुखज्यू दोस्रो चौमासिकको अन्त्य हुदैछ हामी असारे विकासको विरुद्धमा विगत देखि यो सभामा बोलेउ मन्त्रीहरुको चाहि कमिटमेन्ट आयो हामीले नीति कार्यक्रम पश्चात आगामी यो आर्थिक बर्ष ०७७को बजेट चाहि असारको विकासमुखी हुदैन ०७८/ भन्ने खालको कुराहरु गरेका थियौ अहिले सम्म विभिन्न मन्त्रालयका धेरै जस्तो विकास बजेटहरु तल

गएका छैनन अख्तियारी गएको छैन सम्झौता भएका छैननबजेट कार्यान्वयनमा ढीलाई भएको छ । , यसो हेर्दा खेरी गत बर्षको बजेट कार्यान्वयन भन्दा पनि यो बर्षको बजेट कार्यान्वयनमा चाहि कमी आउने देखिन्छ तसर्थ सम्बन्धीत मन्त्रालयको समयमै ध्यान जावस भन्ने कुराहरु म राख्न चाहान्छु । माननीय सभामुख महोदय विशेष समयशुन्य समयमा हामीले विभिन्न किसिमका जनतासँग सम्बन्धीत , आफ्ना क्षेत्रमा घटेका घटनाहरुको बारेमा -कुराहरु उठान गर्छौ माननीयज्यूहरुले यो सभा मार्फत आ सभालाई सुसुचित गर्नु हुन्छ । सम्बन्धीतमन्त्रालयको ध्यानाकर्षण गर्नु हुन्छ तर अहिले पनि म देखि राख्या छैन कुनै पनि मन्त्रालयको विषयगत मन्त्रालय अन्तरगतका कर्मचारीहरु हाम्रा उठान गरेका विषयहरु टिपोट गर्नको लागि यहा आउनु भएको छैन त्यसैले गर्दा खेरी विषयगत मन्त्रालयहरु र यो प्रदेश सभाको बीचको सम्बन्ध डिट्याच भएको देखिन्छ सम्बन्ध विच्छेद भएको जस्तो देखिन्छ हाम्रा उठान गरेका कुराहरु केवल रेकर्डमा मात्रै सीमित हुनेकेवल पत्रकारहरु मिडिया मार्फत मात्रै बाहिर , जाने र सम्बन्धीत विषयगत मन्त्रालयले गम्भिरतापूर्वक नलिने किसिमको जस्तो देखिन्छ त्यसैले गर्दा खेरी विगतमा ७ दिन भित्र सम्बन्धीत मन्त्रालयले सो विषयमा जवाफ दिनु पर्ने भन्ने खालका कुराहरु रुलिङ भएको थियो र यो रुलिङ अझै होस र सम्बन्धीत विषयगत मन्त्रालयको ध्यान जावस भन्ने कुराहरु राख्दै मैले अन्त्यमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सभापतीज्यू कोभिड-को कारणले गर्दा खेरी काठमाण्डौमा उपचाररत हुनुहुन्छ उहाको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै १९ आफ्ना भनाई यही अन्त्य गर्छु धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदयहामी सातौ अधिवेशनमा प्रवेश गरेका छौ चलिरहेको छ र सधै झै हुने , गते मनाउने क्रममा छौ त्यस अन्तरगत सम्पूर्ण २४ अन्तराष्ट्रिय श्रमिक महिला दिवस पनि हामी फाल्गुन श्रमिक दिदीबहिनीहरु देश विदेशमा रहनु भएका र सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा म शुभकामना व्यक्त गर्न चाहान्छु । हामीले खास गरी यो कोरोना संकट सँगै राष्ट्रिय राजनीतिमा पनि एउटा नयाँ किसिमको अन्योलता संकट पनि एकातिर सृजित भएको छ । अर्को तिर यो आर्थिक बर्षका हिसाबमा हामी संसदमा पटक पटक बोलिरहेका छौ । सामाजिक रुपमा गरिब बर्ग खास गरी गरीब ,निमुखा , विपन्न बर्गहरुलाई अझै यो नयाँ बजेट आएर पनि दोस्रो चौमासिक पनि अन्तिम अन्तिमतिर पुगिराखेका छौ महंगीले जताततै उकालो लागेको छ । यो बढ्दो महंगीलाई नियन्त्रण गर्ने कस्को जिम्मेवारी हो । तहका सरकार हामीले संचालन गरिरहेका छौ । माननीय सभामु ३ अब यतातिरख महोदय गरीब वर्गहरुको पीडा दिन ३ गुणा रात चौ गुणा भने जसरी वृद्धि भैरहेको छ । यो बढ्दो महंगीलाई नियन्त्रण गर्नका लागि खास गरिकन स्थानीय तहको सरकार र प्रदेशको सरकारले पनि यसमा अलि बढी भूमिका निर्वाह गर्नु पर्छ भन्ने लाग्दछ अर्को तिर कोभिडको एकातिर संकट १९- छ अर्कोतिर सुदूरपश्चिममा तपाईको महिला माथि हुने हिंसाहरु एकपछि अर्को गर्दै सृङ्खलावद्ध कल्पना विष्ट देखि माया विहुदै .क. सम्म गएका छन् यस्ता घटनालाई नियन्त्रण गर्नका .क.निर्मला पन्त हुदै भागरथी भट्ट हुदै सम्झना वि लागि युवा स्वरोजगारतिरका बजेटहरु हामीले अर्को आर्थिक बर्षमा आजै देखि वृहत छलफल गरेर रोजगारी सृजना हुने कुरा युवाहरुलाई गलत कार्यतिर नियन्त्रण गर्नका लागि त्यतातिर पनि ध्यानाकर्षण गर्नुपर्ने जरुरी देखिएको छ र अन्तमा म के भन्न चाहान्छु भने बढ्दो महंगीलाई हामीले छिटो भन्दा

छिटो नियन्त्रण गर्नु पर्छ र महिला सम्बन्धीको विधेयक सम्पूर्ण महिला माथि हुने हिंसाका विरुद्धमा एउटा विधेयक ल्याउन जरुरी छ यसै गरि फरक क्षमता भएका ,अपांगको क्षेत्रमा पनि मुक्त हलिया , सुकम्वासीको हकमा पनि एउटा विधेयक समग्रमा ल्याएर अगाडी बढाउन जरुरी छ जस्तै ,कमैया अपांगकै कुरा गर्नेहो भने एउटा औला छैन विचाराको बुढीऔला दाहिने हातको हुदैन अपांग परिचय पत्र दिदा उसलाई खघ सम्मको दिन्छन तर उसले खास गरि भन्ने हो भने बैंकको एउटा खाता खोल्न , पाएको हुदैन सरकारले भन्दा एकदम घ श्रेणीको भन्ने तर सामाजिक रुपमा उ एकदमै परनिर्भर हुने यस्तो स्थिति सृजना भएको छ यी यावत समस्याहरुलाई राज्यले कहिले सम्म सम्बोधन गर्नेकहिले , सम्म समाधान गर्ने यसका लागि प्रदेश सरकारले पनि सोच्नेबेला भएको छ यसको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

**माननीय सुशिला बुढाथोकी**

माननीय सभामुख महोदयभोली मनाउन गैरहेको अन्त ,राष्ट्रिय श्रमिक महिला दिवसको सम्पूर्ण महिला दिदीबहिनीमा हार्दिक शुभकामना दिन चाहान्छु । २०७७ साल ११ महिना २२ गते धनगढी उपमहानगरपालिका वडा नंचटकपुरमा रहेका आलोक मल्टी प्रा ४..लिमा आगोलागी भएको छ र त्यहा . भएको आगलागीमा भएको क्षतिपूर्तिको विषयमा अनुगमन गरी प्रदेश सरकारलाई क्षतिपूर्तिको निमित्त ध्यानाकर्षण गर्न चाहान्छु र हुलाकी सडकमा निर्माण बाटो केही दिन यता रोकिएको छ र सो बाटोमा कल्भर्टहरु बन्ने ठाउँमा धेरै खाल्डा खुल्डीहरु भएको कारणले गर्दा त्यहा सवारी दुर्घटना हुने जोखिम भएको कारण र अहिले बढ्दै गैरहेको गर्मी र त्यहा चलेको धुलो बतासको कारणले गर्दा यात्रुहरु आवत जावतमा अति नै कठिनाई भैरहेको छ र म प्रदेश सरकारलाई के भन्न चाहान्छु भने तुरुन्त ती ठेकेदारलाई सम्पर्क गरी समन्वय गरी त्यो हुलाकी सडकको बाटो छिटो भन्दा छिटो अगाडी बढाउन म प्रदेश सरकारलाई माननीय सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

शून्य समयमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

मिति २०७७।११।२०

विषय :- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।०४।२७ बसेको छैठौं अधिवेशनको २८औं बैठकको निर्णय अनुसार **सुदूरपश्चिम प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक** माथि प्राप्त संशोधन सहित दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गर्न यस समितिको मिति २०७७।०५।२२, २०७७।०५।३०, २०७७।०५।२६, २०७७।०८।२२, २०७७।०८।२४, २०७७।०९।०६, २०७७।०९।१९ र २०७७।०९।२३, २०७७।११।१४ र २०७७।११।१७ गतेका दिन ५७, ५८, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६ र ६७औं बैठकबाट छलफल भई र मिति २०७७।०८।२८ गते डोटी पुन्ना तथा २०७७।०९।०१ गते डडेल्धुरामा सरोकारवाला सँग सुझाव संकलन गरि **सुदूरपश्चिम प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक** माथि दफावार छलफलको कार्य समाप्त भएको थियो ।

दफावार छलफलका क्रममा सम्पन्न उक्त बैठकमा देहाय बमोजिमका माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय तारालामा तामाङ्ग
२. माननीय रण बहादुर रावल
३. माननीय प्रकाश रावल
४. माननीय लिलाधर भट्ट
५. माननीय श्याम लाल राना थारु
६. माननीय विरमान चौधरी
७. माननीय शान्ति नेपाली
८. माननीय मालामति कुमारी राना थारु
९. माननीय कुलविर चौधरी
१०. माननीय उमा कुमारी वादी

**आमन्त्रीत**

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह
सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी
अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवर

**संशोधन तथा थप हुनु पर्ने विषयहरु**

| क्र.स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | २(छ) | "प्रतिष्ठान" भन्नाले यस ऐन बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ । | "प्रतिष्ठान" भन्नाले यस ऐन बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ । **यसको अंग्रेजी Sudurpaschim Pradesh Research Training Academy हुने छ।** | अंग्रेजीमा नामाकरण गर्नु आवश्यक देखिएकाले |
| २ | दफा ७(१) | )१प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय ( बमोजिमको अनुसन्धान तथा प्रशिक्षण परिषद् -रहेनछः<br>मुख्यमन्त्री (क) अध्यक्ष -<br>आन्तरिक मामिला तथा कानून ,मन्त्री (ख) मन्त्रालय सदस्य -<br>आर्थिक मामिला तथा योजना मन्त्रालय ,मन्त्री (ग) सदस्य -<br>मन्त्री (घ), भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य<br>मन्त्री (ङ), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य<br>मन्त्री (च), सामाजिक विकास मन्त्रालय - सदस्य<br>मन्त्री (छ), भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य<br>सदस्य - प्रदेश लोकसेवा आयोग ,अध्यक्ष (ज)<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को ,प्रमुख सचिव (झ) कार्यालय सदस्य -<br>स्थानीय तहका प्रमुखहरु मध्येवाट अध्यक्षले (ञ) सदस्य- मनोनित गरेको दुईजना<br>अध्यक्षले मनोनित (ट)गरेको कम्तीमा एकजना महिला सहित दुईजना सदस्य -<br>सदस्य सचिव - कार्यकारी निर्देशक (ठ) | )१प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय ( बमोजिमको अनुसन्धान तथा प्रशिक्षण परिषद् -रहेनछः<br>**अध्यक्ष - मुख्यमन्त्री (क)**<br>**सदस्य - अध्यक्ष प्रदेश लोकसेवा आयोग (ख)**<br>**प्रम (ग)ुख सचिवमुख्यमन् ,त्री तथा मन्त्रिपरिषदको कार्यालय सदस्य -**<br>**उपप्रमुखहरु मध्येबाट /स्थानीय तहका प्रमुख (घ) लैङ्गिक र भौगोलिकताका आधारमा ,समावेशी जना (२)अध्यक्षले मनोनित गरेको दुइ सदस्य -**<br>**सुदूरपश्चिम (ङ)प्रादेशिक विश्वविद्यालयको उपकुलपति सदस्य -**<br>**सदस्य सचिव - कार्यकारी निर्देशक (च)** | परिषदको आकार सानो बनाई कार्यसम्पादनलाई प्रभावकारी बनाउन । |
| ३ | दफा ७(३) | समितिका मनोनित सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ । परिषद्ले उपयुक्त ठानेमा अध्यक्षवाट निजहरुको पुनः मनोनयन हुन सक्नेछ । | समितिका मनोनित सदस्यहरुको पदावधि **तीन** बर्षको हुनेछ । परिषद्ले उपयुक्त ठानेमा अध्यक्षवाट निजहरुको पुनः मनोनयन हुन सक्नेछ । | पदावधि थप गर्न उपयुक्त देखिएकोले |
| ४ | दफा ९(१) | प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरुप अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमलाई सुव्यवस्थित एवं प्रभावकारी रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को ,प्रमुख सचिव (क) कार्यालय अध्यक्ष -<br>आन्तरि ,प्रदेश सचिव (ख)क मामिला तथा कानून मन्त्रालय सदस्य -<br>प्रदेश (ग)सचिवआर्थ ,िक मामिला तथा योजना मन्त्रालय सदस्य -<br>प्रदेश सचिव (घ), भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य<br>प्रदेश सचिव (ङ), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य<br>प्रदेश सचिव (च), सामाजिक विकास मन्त्रालय | दफा ९ को खण्ड झ मा (१)भएको व्यवस्था हटाई अरु यथावत राखिएको । | प्रमुख प्रशासकीय अधिकृतलाई सदस्यमा राख्न आवश्यक नदेखिएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | - सदस्य<br>प्रदेश सचिव (छ), भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य<br>(ज)कार्यकारी निर्देशक -प्रतिष्ठान ,सदस्य<br>प्रतिष्ठ ,प्रमुख प्रशासकीय अधिकृत (झ)ानको कार्यालय रहेको स्थानीय तह सदस्य -<br>प्रतिष्ठान ,बरिष्ठ निर्देशक (ञ) - सदस्य सचिव | | |
| ५ | दफा ११(१) | प्रतिष्ठानमा देहाय बमोजिमका संकायहरु रहनेछन्-ः<br>,प्रशासन तथा व्यवस्थापन संकाय (क)<br>र ,कानून तथा अर्थ राजनीतिक संकाय (ख)<br>प्राविधिक संकाय । (ग) | प्रतिष्ठानमा देहाय बमोजिमका संकायहरु रहनेछन्-ः<br>,प्रशासन तथा व्यवस्थापन संकाय (क)<br>कानून तथा (ख)अर्थ राजनीतिक संकाय,<br>(ग)प्राविधिक संकाय र<br>अनुसन्धान तथा परामर्श संकाय (घ) | संकायहरुलाई स्पष्ट पारि परिभाषित गरिएको |
| ६ | १३(३) | यस ऐन बमोजिम कार्यकारी निर्देशकको छनौटको आधार र मापदण्ड बनाउँदा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हकमा कम्तीमा १७ बर्ष वा विद्यावारिधि उपाधि प्राप्त गरेको हकमा कम्तीमा १० बर्ष अनुसन्धान तथा प्रशिक्षणको क्षेत्रमा अनुभव भएका व्यक्तिहरु मध्येबाट नियुक्ति हुने गरी कार्यकारी निर्देशकको योग्यता तोकिनेछ । | यस ऐन बमोजिम कार्यकारी निर्देशकको छनौटको आधार र मापदण्ड बनाउँदा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हकमा कम्तीमा **१०** बर्ष वा विद्यावारिधि उपाधि प्राप्त गरेको हकमा कम्तीमा **५** बर्ष अनुसन्धान तथा प्रशिक्षण **वा विकास वा प्रशासन वा व्यवस्थापन वा कानून वा मानविकीको क्षेत्रमा** अनुभव भएका व्यक्तिहरु मध्येबाट नियुक्ति हुने गरी कार्यकारी निर्देशकको योग्यता तोकिनेछ । | योग्यतामा तोकीएको अवधी घटाउन आवश्यक देखिएकोले |
| 7 | १३(५) | उपदफा )२ बमोजिम नियुक्त (कार्यकारी निर्देशकको पदावधी पाँच बर्षको हुनेछ र अर्को एक अवधिका लागि निजलाई पुनः नियुक्त गर्न सकिनेछ ।<br>तरबर्ष ६० पदावधी समाप्त हुनु अगावै निजको उमेर , पूरा भएमा निज सो पदमा बहाल रहन सक्ने छैन। | उपदफा )२बमोजिम नियुक्त कार्यकारी निर्देशकको ( पदावधी पाँच बर्षको हुनेछ र अर्को एक अवधिका लागिनिजलाई पुनः नियुक्त गर्न सकिनेछ ।<br>तर**६३** पदावधी समाप्त हुनु अगावै निजको उमेर , बर्ष पूरा भएमा निज सो पदमा बहाल रहन सक्ने छैन । | उमेरको हद बढाउन आवश्यक देखिएकोले |
| ८ | १५(१) | दफा १३ बमोजिम कार्यकारी निर्देशक नियुक्तिका लागि छनौटको सिफारिस प्रदेश सरकार समक्ष गर्न देहाय बमोजिमको (मन्त्रिपरिषद्) कार्यदल रहनेछः-<br>प्रमुख सचिव (क), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक<br>आन्तरिक मामिला तथा कानून ,प्रदेश सचिव (ख) मन्त्रालय - सदस्य<br>प्रदेश सचिव (ग), आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य<br>प्रदेश सचिव (घ), सामाजिक विकास मन्त्रालय - सदस्य<br>(नवौं वा दशौं तह) अधिकृत (ङ), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव | दफा १३ बमोजिम कार्यकारी निर्देशक नियुक्तिका लागि छनौटको सिफारिस प्रदेश सरकार समक्ष गर्न देहाय बमोजिमको कार्यदल (मन्त्रिपरिषद्) रहनेछः-<br>प्रमुख सचिव (क) , मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक<br>(ख)सदस्य, प्रदेश लोकसेवा आयोग सदस्य -<br>(नवौं वा दशौं तह) अधिकृत (ग), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदस्य सचिव- | समितिको आकार सानो बनाई प्रभावकारी कार्यसम्पादनको लागि आवश्यक देखिएकोले |
| ९ | दफा २७(१) | प्रतिष्ठानको कार्यालय डोटी जिल्लामा रहनेछ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति लिई आवश्यकता अनुसार अन्य जिल्लामा समेत अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम संचालन गर्न सक्नेछ । | प्रतिष्ठानको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहने छ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति लिई आवश्यकता अनुसार अन्य जिल्लामा समेत अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम संचालन गर्न सकिनेछ। | आवश्यकता अनुसार कार्यालय स्थापना गर्नुपर्ने हुँदा विधेयकमै जिल्ला तोक्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | आवश्यक नदेखिएकोले |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नु पर्ने विषयहरु **सुदूरपश्चिम प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउँने सचिवालयका कर्मचारी सहित सम्पूर्ण विधायन तथा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

**प्रस्तुतकर्ता**
माननीय नेपालु चौधरी
सभापति
विधायन तथा प्रदेश मामिला समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको बीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्ततु भएको प्रतिबदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा सामाजिक विकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय बल बहादुर सोडारीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश बीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेय, २०७७ को सुदूरपश्चिम प्रदेशको सातौ अधिवेशनको दोस्रो बैठकले सुदूरपश्चिम प्रदेश सामाजिक विकास समितिमा दफावार छलफलको लागि पठाएर प्रतिबेदनका बुदाहरु सरसरती अध्ययन गर्दा र हाम्रो भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीज्यू, बीउ विजन प्रयोगशाला प्रमुख वीउ विजन प्रयोगशालाका अधिकृत, सामाजिक विकास समितिका सभापती लगायत सदस्य माननीयज्यूहरु समेतले प्रतिबेदनमा संशोधन गर्नु पर्ने र थप गर्नुपर्ने धेरै कुराहरु ठिकै देखिन्छन र यो बुदा नं.४ दफा ३ को उपदफा २ को खण्ड (ङ) मा मन्त्रालयद्वार मनोनित वीउ विजन सम्बन्धी विशेषज्ञ र व्यवसायी मध्य महिला सहित २ जना भन्नेमा संशोधन गरेर मन्त्रालयद्वार मनोनित वीउ विजन सम्बन्धी विशेषज्ञ किशान र व्यवसायी मध्ये महिला सहित ३ जना सदस्य भन्नेमा समानुपातिक र समावेशी पनि थप्नु पर्थ्यो जस्तो लाग्छ र यो अन्तिम बुदा २१ मा दफा १८ को उपदफा ६ मा यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि वीउ विजन उत्पादन तथा बजारीकरण सम्म तोके बमोजिमको गुणस्तर कायम नभएको पाइएमा सम्बन्धीत मुल्य सृङ्खला संलग्न व्यक्ति र संस्थाको पहिचान गरी १० हजार देखि ५० हजार सम्म जरिमाना हुने छ भन्ने ठाउँमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि वीउ विजन उत्पादन तथा बजारीकरण सम्म तोके बमोजिमको गुणस्तर कायम नभएको पाईएमा सम्बन्धीत मुल्य सृङ्खला संलग्न व्यक्ति वा संस्थाको

पहिचान गरी ५० हजार सम्म जरिवाना भन्नेमा यसमा कसुरको पनि पहिचान गर्नु पर्छ कि भन्ने मलाई लाग्छ र यो यस्तै अरु बुदाहरु ठिकै छन् यो विधेयक पास गरेर मन्त्रीज्यूले टेबुल गरेको यो विधेयक पास गरेर समयमा जस्तै मैले एउटा चुटकिला लेख्या छु समयमा किशानले वीउ र मल पाउँदैन कृषि प्रधान देश डुबेको सरकारले राउदैन आजको हाम्रो सदनले विधेयक पास गरोस समयमा वीउ मल पावस किशान अघी बढोस भन्दै यो पास हुनु पर्छ भन्दै म आफ्ना भनाई यही टुङ्ग्याउछु धन्यवाद ।

**माननीय डिल्लीराज पन्त**

माननीय सभामुख महोदय, सामाजिक विकास समितिबाट वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पेश भएको छ । समय यति धेरै गैसक्यो अब त कुनै पनि विधेयकको लागि ढीलो भो भन्नै पर्दैन अब त स्वत सिदिने जस्तो भैसकेता पनि धन्यवादका पात्र मान्नु पर्छ सरकारलाई नेपाल विशेष गरेर सुदूरपश्चिम पनि कृषि प्रदान क्षेत्र भएकोले प्रदेश भएकोले धेरै आवश्यक र अत्यन्त जरुरी यो विधेयक हो जो अहिले पास हुन आट्या छ म समितिलाई धन्यवाद दिन चाहान्छु । यसमा म केही त्रुटीहरु पनि देख्छु ती त्रुटीहरुका सम्बन्धमा पनि म एउटा कुरा के भन्न चाहान्छु भनेपछि अहिले शुन्य समयमा बोल्ने क्रममा माननीयज्यूहरुबाट एउटा कुरा आयो कि हामी प्रश्न गर्छौ जवाफ कसैले दिदैन कुनै पनि मन्त्रीले त्यस्तो दिनु हुन्न भन्ने कुरा आयो यो जो हामी दफावार छलफल गरिराछौ त्यसको सम्बन्धमा पनि त्यही देखिराछु माननीयज्यूहरुले खुब राम्रा राम्रा सुझाव दिएका छन् हामी त्यसलाई आत्मसाथ गर्ने छौ भनिन्छ त्यो आत्मसाथ गरेको छ,छैन त्यसको कसैलाई जानकारी हुदैन कृपया यसको पनि जानकारी गर्ने गरौ के कारणले यो समाहित भएन के कारणले समाहित भयो भन्ने कुरा पनि जानकारी गराइदिए पछि अनि दफावार छलफलको केही अर्थ आयो जब यो दफावार छलफलमा आएका सुझावहरुका बारेमा सदनलाई कुनै जानकारी नै हुदैन तारिफ गर्ने जाने भन्ने मात्र हो कि भन्ने पनि लाग्या छ । त्यसै क्रममा मैले दफा ९ को १,२ मा संशोधन भएको देखे अस्थिको त्यसमा आएको संशोधनको क्रममा त्यो संशोधन भएको त ठिक छ तर दफा १ मा संशोधन गरेपछि मात्र त्यो संशोधन हुनु पर्ने म एकचोटी यो पढेर सुनाउछु दफा ९ को २ मा यसमा यो भण्डारण भनेर सुझाव दिएको छ उत्पादन प्रशोधन भण्डारण यो थपेको छ यो दफा २ मा पनि थपेको छ दफा ३ मा पनि थपेको छ तर यसलाई दफा १ मा पनि संशोधन गर्नु पर्ने म देख्छु । दफा १ को आधार मानेर यीनिहरुलाई संशोधन गरिएको छ तर दफा १ मा यो कुराहरु भण्डारण प्रशोधनका कुरा त्यसमा पनि थप गर्नु पर्ने अनि दफा १ बमोजिम भन्ने कुरा आउछ दफा १ मा त्यो उल्लेख भएको छैन तर दफा २ र ३ मा त्यो उल्लेख भएको हुनाले यो अलि नमिल्दो जस्तो मलाई लागेको छ त्यसैले त्यसलाई पनि एकचोटी विचार गरौ भन्ने मेरो सुझाव छ अनि दफा १८ भन्दा पनि यो एउटा कुरा मैले दुइ तीन ठाउँ यस्तो पाएको छु यो संशोधन गर्दा खेरी यहा यति रुपैया सम्म जरिवाना हुने भनेर यहा लेखेको छ यति रुपैया सम्म यति रुपैया सम्म भन्ने कुरा देखिएको छ जस्तो दफा १८ को २ मा दफा १८ को ३ मा र यस्तै दफा १८ को ६ मा यति सम्म गरिने भन्या छ तर विधेयकमा यति रुपैया देखि यति रुपैया सम्म भनेर लेखेको छ तर यसमा यति रुपैया देखि यति रुपैया सम्म भनेर लेख्या छैन स्टाटीङको पोइन्ट कति हो त्यसमा उल्लेख छैन त्यस कारण यो के आयो भनेपछि ५० हजार सम्म मिनाहा यो जरिवाना गर्न सकिन्छ भन्ने लेख्या छ तर स्टाटीङ कति न्यूनतम

कति यो संशोधनमा आएको छैन त्यसैले यो मिनाहा पनि गर्न सकिन्छ कि १ रुपैया मै पनि टार्न सकिन्छ कि भन्ने कुराहरु आएको छ त्यसैले यो न्यूनतम जरिवाना छ यी तीन वटै बुदामा २, ३ र ६ मा पनि उल्लेख गरिदिदा राम्रो होला कि भन्ने मलाई लाग्छ अन्यथा यो संशोधित विधेयक हो यही बमोजिम विधेयक बन्छ यदी नबनेको खण्डमा पुरानै रुपमा आएको भनेपछि यो संशोधनको कुनै अर्थ आएन हामीसँग सरसल्लाहा लिएको कुनै अर्थ आएन मैले दुइवटा कुरा यही देखे र अर्को कुरा यो बाहिरबाट पैठारि हुने वीउ विजनहरु दफाव ५ को २ प्रदेशमा आयात हुने वीउ विजनको गुणस्तर, परिक्षणस्तर आयात गरी भण्डारण गर्ने स्थल विक्रि गर्ने कक्षको अनुगमन र निरीक्षण गर्ने यो कर्तव्यमा दिएको छ तर हाम्रो देशमा उत्पादन हुने आफ्नै ठाउँमा उत्पादन हुनेको अनुगमनको यहा कुनै ठाउँमा देखिन हाम्रो ठाउँमा उत्पादन हुने कुराको पनि यहा उल्लेख भैदिएको भए राम्रो हुन्थ्यो र जहा सम्म यो अघी मैले भने जरिवाना ५ हजार सम्म ५० हजार सम्म हुन सक्छ भन्ने कुरा आयो तर स्टाटीङ पोइन्ट आएन यदी प्रिन्ट मिस्टेक पनि हुन सक्छ यदी प्रिन्ट मिस्टेक हो भनेपछि त्यो पनि भन्नु पर्यो यदी जानी जानी गरिया हो भने त्यो पनि भन्नु पर्यो प्रिन्ट मिस्टेकको सम्बन्धमा पनि भन्छु यी विषयगत समितिहरु पनि एउटा मिनी संसद हो मिनी संसदले कुनै त्रुटी गर्न पाउदैन कृपया सम्बन्धीत समिति तर त्यसमा जाने कर्मचारीहरुलाई मेरो अनुरोध के छ भनेपछि यी कुराहरु बाचन गर्नु भन्दा पहिला एकचोटी फेरी पढेर कुनै संशोधन गर्नु पर्ने छ कि भनेर बुझेर पेश गर्दा राम्रो होला अस्थी भर्खर हाम्रो सामाजिक विकास समितिका सभापतीले यो बाचन गर्नु भो बाचन गर्दा खेरी बडा अफ्ठ्यारो लाग्यो अन्तमा यो धन्यवाद दिदा खेरी कृषि मन्त्रालयबाट पेश भएको सामाजिक विकास मन्त्रालयका मन्त्रीज्यूले धन्यवाद पाउनु भा थियो यी यस्ता त्रुटीहरु समितिबाट नहुन भन्ने म राख्न चाहान्छु त्यसको सँग सँगै म आफ्नो तर्फबाट १, २ कुरा छुटेको जस्तो लाग्छ मलाई पेटेनट्राइट कुनै बाली वीउको पेटेनराइट हामीले आफ्नो प्रदेशमा हुने पेटेनराइट के के हुन त भन्ने ती पेटेनराइट पनि गर्नु पर्छ जस्तो लाग्छ म आफु किशान भएको कारणले यहाँ पुराना पुराना धानवाली, पुरानो पुरानो सौठेरी हरायो अण्डी धान हरायो, स्यामजीरा हरायो यी हराएका वालीहरुलाई हामीले पेटेन्टको रुपमा राख्ने वीज बैंक सीड बैंक पनि मैले यहाँ कुनै व्यवस्था देखेन सीट वैंकमा धानका भए, गहुँका भयो पुरानो गहुँको तोरीको भो तरकारीहरुको वीउ सीड वैंकमा राखिदिए पछि त्यो पुरानो जो हामीहरुको परम्परागत रुपबाट चलिआएको छ त्यसलाई रिफाइन गरेर कसरी वीउ उत्पादन गर्न सकिन्छ कसरी त्यसको उत्पादनलाई बढाउन सकिन्छ भन्ने गरिन्छ तर आजभोली त्यो गर्न छोडेर हामी यो आर्टीफिसियल वीउ तिर हामी लाग्या छौ । आर्टीफिसियल वीउ खानलाई पनि घाटा त्यसको वीउ पनि नहुने फेरी वीउ अर्को बनाउनु पर्ने त्यसैले सीड बैंकको पनि व्यवस्था यसमा मिलाइ दिएको खण्डमा मलाई थाहा छैन कहा छ कति छ तर यो थारु आलु हामीहरुकोमा धेरै प्रसिद्ध छ र धेरै मिठो पनि छ यो थारु आलुको पनि सीड बैंक बनाईदिएको खण्डमा हामी विदेशमा पनि हामीलाई एउटा नमूनाको रुपमा दिन सक्छौ जोरायल बासमति छ म आफु जोरायलको पनि हु जोरायल बासमति छ यी यस्ता कुराहरु जो हामीहरुकोमा नयाँ किसिमको हुन्छ त्यस्ता किसिमका वीउ विजनहरुलाई भण्डारण गरेर पछि सम्म उत्पादन गर्नका लागि सीड बैंक राखिदिन म अनुरोध गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय मान बहादुर धामी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश वीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सुदूरपश्चिम प्रदेश सदनमा टेबुल भैसकेपछि हामी दफावार छलफलमा छौ । सब भन्दा पहिले त म यो विधेयक ल्याउनको लागि महत्वपूर्ण भूमिका खेल्ने कृषि तथा सहकारी मन्त्रालय, मन्त्रीज्यू ततपश्चात समितिमा दफावार छलफल गरेर केही संशोधन सहित सदनमा प्रस्तुत गर्ने सम्बन्धीत समिति जसले महत्वपूर्ण छलफल गरेर यो विधेयकलाई ऐनको रुपमा कार्यान्वयन गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ यो समितिका सभापतीज्यू, माननीय सदस्यज्यूहरु, विषय विशेषज्ञको रुपमा उपस्थित कर्मचारी साथिहरु, व्यवसायी मित्रहरु र विभिन्न छलफलबाट यो विधेयक यहा टेबुल गरेको छ उहाहरुलाई म विशेष धन्यवाद दिन चाहान्छु । सार त यो विधेयकले जसरी वीउ विजन सम्बन्धी विधेयक यहा आएको छ यसले सैद्धान्तीक रुपमा स्वदेशी वीउलाई संरक्षण गर्ने, स्वदेशी वीउलाई स्थापीत गर्ने र विदेशी वीउ विजनलाई विस्थापीत गर्ने लक्ष्य लिनु पर्दथ्यो भन्ने मेरो सुझाव यहाँ राख्न चाहान्छु किन भन्दा खेरी मोडन युग हामीले भनेका छौ तर क्रमश हामीले हाम्रो उत्पादनलाई भुलेर बनावटी र आर्टीफिसियल बस्तुतिर वीउतिर हाम्रो कृषकहरु सबैको ध्यानाकर्षण भएको छ त्यस कारण संरक्षण गर्नतिर पनि यो विधेयकले सैद्धान्तिक रुपमा केही बोल्नु पर्थ्यो कि भन्ने मलाई लागेको छ माननीय सभामुख महोदय, र आयात र निर्यातको सन्दर्भमा पनि दैनीक उपभोग्य बस्तु सँगसँगै वीउ विजन पनि ९० प्रशेन्ट जति हाम्रो चाहि आयातित भएका वीउ विजनहरु हामीले चाहि उपभोग गर्नु पर्ने किशानहरुले उपभोग गर्नु पर्ने जुन अवस्था छ यसलाई विस्थापित गरेर यही उत्पादन गर्ने जुन लक्ष्य राखिनु पर्थ्यो विधेयकमा यतापट्टी पनि ध्यान पुर्याइदिनु पर्छ भन्ने मेरो सुझाव छ यसले गर्दा खेरी स्वदेशी पूँजीको संरक्षण हुने र निर्यातित अर्थतन्त्रलाई चाहि रोक्न सक्ने अवस्था सृजना हुन्छ र किशानहरुलाई प्रत्यक्ष त लाभ पुग्दछ र समग्रमा जसरी विधेयक आएको छ यो विधेयकले आफ्नो जीविकोपार्जन गरेर छाक टार्नको लागि खेती किशानी गर्नुपर्ने बाध्यत्मक अवस्थाक किशानहरु देखि लिएर व्यवसायीक रुपमा उत्पादन सँग जोडिएका किशानहरुलाई सुदूरपश्चिम प्रदेश भरी काम गर्ने एउटा सहज बातावरण पैदा हुने छ । किशानहरु प्रत्यक्ष त सरकारसँग जोडिएको अनुभूति गर्ने छन् र किशानहरुले आफुले उत्पादन गरेको बस्तुलाई बाहीर निर्यात गर्ने सम्मको बातावरण सरकारले बनाउने छ भन्ने कुराहरु म यहाँ राख्न चाहान्छु र सरकारले त्यो बातावरण क्रेट गर्ने छ यो जुन विधेयको भोली माननीय प्रदेश प्रमुखज्यूले यसलाई प्रमाणिकरण गरिसकेपछि कार्यान्वयनको चरणमा जाने छ यो कार्यान्वयन चरणको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सर्वप्रथम त म यो विधेयक माथि छलफलमा भाग लिनु हुने माननीयहरुलाई धन्यवाद दिन चाहान्छु र यो समितिमा दफावार छलफल पश्चात एउटा गहन रुपमा छलफल भएर समितिमा छलफल भए पश्चात सभापतीले जुन पेश गर्नु भएको छ र यो विधेयकमा थुप्रै विषयबस्तुहरु जो समावेश गर्नु पर्ने थियो त्यो एकदमै त्यो समितिमा छलफल भयो र सरोकारवाला सँग पनि छलफल गरेर विषयबस्तुहरु आएको छ र जो विषयहरु यहा छलफलमा उठेको छ जुन हाम्रो कृषिप्रधान देश र हामी सधै वीउ समयमा नपाउँने लगायत थुप्रै समस्याहरु छ त्यो समस्यालाई समाधान गर्नको लागि नै यो वीउ विजन सम्बन्धी विधेयक आएको छ र हामीले जो सुदूरपश्चिममा वीउमा आत्मनिर्भर हुनु पर्छ भनेर साहेद कार्यक्रममै राखेका छौ किशानहरुले जब सम्म मल, वीउ र सिंचाई पाउदैनन तब सम्म कृषि अगाडी बढ्दैन भनेर त्यो अनुसार नै यो हाम्रो वीउमा प्राथमिकता नै छ त्यो अनुसार नै जाने छ र जो विषयहरु जस्तै थुप्रै संशोधन भएर पनि आइसकेको छ मलाई लाग्छ समितिमा दफावार छलफल भएको छ महत्वपूर्ण व्यक्तिहरु त्यहा उपस्थित भएका छन् र त्यो अनुसार नै हाम्रो सुदूरपश्चिम प्रदेशमा उपयुक्त र किशानहरुले सहज रुपमा जो पाउँने जुन सेवाहरु लगायत थुप्रै वीउमा पनि जुन सहज रुपमा उहाहरुले उपभोग गर्न पाउँन भन्ने मान्यताका साथ थुप्रै जस्तै मानौ हामीले थुप्रै वीउ उत्पादन गरिराखेका छौ तै पनि हामी वीउ कुन ठाउँमा उत्पादन हुदै छ एकिन नभएको कारणले पनि समस्या आयो त्यही भएर जस्तै भण्डारण, उत्पादनलाई पनि हामीले यदी त्यो अनुसार नै प्रमाणिकरण गर्नमा उहाहरुलाई पनी नवीकरण गर्नमा लगियो भने राम्रो हुन्छ भनेर छलफलमा नै जस्तै मानौ दफावार छलफलमा उठेका विषयबस्तुहरु त्यसमा संशोधन भएर आएको छ मलाई लाग्छ त्यसरी चाहि जुन हामीले कम्तीमा जो अहिले सम्म हामीले हाम्रो ठाउँमा उत्पादन गरेका थुप्रै वीउ मात्रै होइन अन्य पनि उत्पादन भैराखेका बस्तुहरु एकिन गर्न सकिराखेका छैनौ त्यही भएर वीउमा हामी सबैले एउटा अनुमति पत्र लिएर वीउ कति किशानले गरिराखेका छन् वीउ भण्डार कति ठाउँमा छ त्यस पछि मात्र हामीलाई एकिन हुन्छ त्यो अनुसार हामी हाम्रो ठाउँमा यति छ है भन्ने हुन्छ भनेर हामीले भण्डारण, उत्पादनको जो अनुमति पत्र लिने नवीकरण गराउनु पर्ने थपिएको छ र त्यो अनुसार मलाई लाग्छ उपयुक्त नै छ । हामी जरिवानाको धेरै छलफलहरु उठ्यो त्यही अनुसार नै कम्तीमा अहिले सम्म हामी देखि राखेको जरिवाना त राख्छौ कैयौ त्यो वीचमा जो एकदमै सामान्य किशान छ त्यसको पक्षमा कोही छैन भने कतिपय उसमा त्यसले बढी पर्ने अलि पहुँचवालाको चाहि छुट हुने देखिन्छ त्यही भएर हाम्रो सुदूरपश्चिम प्रदेशमा समान रुपमा यदी जरिवाना हो सजाय त्यो गर्ने हो भने एकरुपतामा लग्नु पर्छ भनेर जोडदार रुपमा त्यो छलफल भएको हुनाले हामीले यति भनेर पछि त्यो यताउता हुदैन कम्तीमा यो जरिवाना त जरिवाना त्यो अनुसार नै सबैले गल्ती गरेछ भने सानो होस वा ठुलो होस सबैलाई दण्ड जरिवाना दिनु पर्छ र जुन गल्तीको सजाए भोग्नु पर्छ भनेर साहेद त्यो राखिएको छ त्यो अनुसार नै जुन विषय बस्तु आएको छ । जुन हामीले जस्तै मानौ यसमा जुन वीउको त आयो पशुपंक्षीको आएन भन्ने छ यो हाम्रो छुट् पशुपंक्षीको अब विषयबस्तु अब छुट्टै आउछ त्यही भएर त्यो पेश भएको छ यो खास वीउको

भएको हुनाले वीउ सम्बन्धी आएको छ अब हाम्रो यसमा समेट्नु पर्ने थुप्रै दफावार छलफलमा यो विधेयकमा थुप्रै विषयबस्तुहरु समेटिएको छ जस्तै हाम्रो लक्ष्य भनेको हाम्रो उद्देश्य भनेको पनि त्यही हो हामीले हाम्रो ठाउँको उत्पादन भएको वीउलाई हामीले संरक्षण गर्ने र हामीले जो विदेशबाट आइराखेका बाहिर बाट आइराखेका वीउहरुलाई हामीले रोक्नु पर्छ र हामीले उत्पादन गरेको वीउलाई निर्यात गर्नु पर्छ । हामी उत्पादन गरेर हाम्रो ठाउँमा मात्र पुग्ने गरी होइन कि अन्य ठाउँमा जाने गरि पनि निर्यात गर्ने गरी पनि वीउ उत्पादन गर्नु पर्छ भनेर साहेद हामीले यही बर्षको नीतिमा नै राखेका छौ । जस्तै मेन जुन खाद्यान्न बाली सधै वीउ विजनलाई नै लिएका छौ जस्तै प्रत्येक स्थानीयमा उत्पादन भण्डारण लगायत थुप्रै सहकारी मार्फत गरेका छौ हाम्रो लक्ष्य पनि त्यही हो किन भने जुन बाहिरबाट आउछ समयमा किशानहरुले पाउदैनन त्यही भएर आफ्नै ठाउँमा जो किशानहरुले रुचाइ राखेका छन् त्यो वीउहरुलाई उत्पादन गर्ने संरक्षण गर्ने, भण्डारण गर्ने र त्यो अनुसार नै हामीले त्यो ठाउँको वीउलाई अन्य ठाउँमा निर्यात गर्ने गरी हाम्रो सुदूरपश्चिम प्रदेशलाई हामीले ३ बर्षमा वीउमा आत्मनिर्भर बनाउने भनेर हामी नीति नै लिइसकेका छौ त्यो अनुसार हाम्रो अभियानको रुपमा वीउ पनि उत्पादन भैराखेको छ हाम्रो लक्ष्य पनि त्यहो हो र हामी त्यसरी नै गर्छौं । जुन हाम्रो जुन यो वीउको विषयमा अनुगमन र नियमन कसरी गर्ने जस्तै बाहिरकोलाइ मात्रै त्यो गरिएको यहाकोलाई मात्र भन्ने छ हामी जो आइसकेको छ अनुमति लिने त्यसपछि गएर नवीकरण गरिसकेपछि त अब को गरिएको छ छैन अब बाहिरको रोक्ने भनेर सबैलाई अनुगमन गर्ने कारवाही गर्ने हो अब यहा अनुमति लिएन आफ्नो तरिकाले गर्यो बाहिरको पनि खुला नाका, उपयुक्त छ कि छैन आइराखेको छ त्यो पनि रोक्नु पर्छ त्यसलाई अनुगमन गर्नु पर्छ भनेर साहेद सबै उसमा राखिएको छ र कैयौ एकदमै राख्नै पर्ने विषयबस्तुहरु केही छुटेको छ भने विधेयकमा राख्नुपर्ने विषयहरु राखिने छ तर मलाई लाग्छ थुप्रै विषयबस्तुमा जुन छलफल भएर आएको छ यो विधेयक हाम्रो प्रदेशमा ९ वटा जिल्लाहरु छन् ९ वटै जिल्लाहरुमा सहज रुपमा किशानहरुले वीउ पाउँन र त्यो अनुसार नै किशानहरुले अहिले फाइनको रुपमा बालीहरु प्रयोग गरिराखेका छन भने यो धिधेयक हामीले लागु गरिसकेपछि कम्तीमा किशानहरुले वीउ पनि उत्पादन गरेर निर्यात गर्नेमा उहाहरुलाई सहज रुपमा हामीले दिनु पर्ने जुन सुविधाहरु त्यो मिल्ने छ र यो प्रदेशमा यो विधेयक आइसकेपछि जनताहरुलाई किसानहरुलाई सरकार आएको अनुभूति सहज रुपमा पाउँन र उहाहरुले पनि आफुले उत्पादन गरेको वीउलाई पनि निर्यात गरुन त्यही अनुसार हामी यो विधेयक लागु गर्ने छौ । जुन उद्देश्यले बनाएका छौ त्यो उद्देश्य अनुसार नै जाने छौ । म अन्तिमा हाम्रो सामाजिक विकास समितिले जो थुप्रै छलफल गरेर एकदमै गहन रुपमा यो विधेयक माथि दफावार छलफल गरेर जो विधेयक ल्याउनु भएको छ त्यसका लागि म सामाजिक विकास समिति र त्यो समितिका सदस्यहरुलाई धन्यवाद दिन चाहान्छु किन भने उहाहरुले एक एक गरेर जो विधेयकमा छुटेका विषयहरु र राख्नै पर्ने विषयहरु उहाहरुले समावेश गरेर यो विधेयकलाई सभापतिज्यूले यहा ल्याउनु भएको छ यसमा पक्कै पनि हामीले जो लक्ष्य लिएका छौ त्यो लक्ष्य अनुसार नै वीउहरु हामी उत्पादन गरेर सुदूरपश्चिमलाई आत्मनिर्भर बनाउने र निर्यात गराउने उसमा यो विधेयकलाई पक्कै पनि लागु गर्ने छौ र यसमा सबैको जुन विधेयकमा आएका सुझावहरु छ जुन छलफलमा भाग लिनु भएका

माननीयज्यूहरुलाई धन्यवाद दिदै पुनः सामाजिक विकास समितिलाई धन्यवाद दिन चाहान्छु हवस धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २१ (एक्काईस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २१ (एक्काईस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि २४ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** को अंङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि २४ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** आधुनिक प्रविधिको प्रयोगबाट विभिन्न बालीको उच्च गुणस्तरयुक्त वीउ विजनको उत्पादन, भण्डारण, प्रशोधन तथा परीक्षण गरी बजारीकरणको माध्यमबाट कृषकलाई व्यवस्थित, सहज र सुलभ ढंगले उपलव्ध गराई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "**सुदूरपश्चिम प्रदेशको वीउ विजन ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त लागु हुनेछ ।

माननीय सदस्यहरू,

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुतकर्ता भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक मसुदूरपश्चि"**माथिको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति  साल फाल्गुन द्दण्ठठ२५ गते मंगलबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।